बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरूले अब भिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६१९३१/९७४६८६१९३३

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : १०६ ।। २०७९ जेठ ०३ गते मंगलबार (17th May 2022 Tuesday) **Pratidin** National Daily dNo-?÷%÷-

झापाका ३३ वटा वडाको मतपरिणाम सार्वजनिक (नामावलीसहित)

झापा (प्रस) । झापाका १३१ वटा वडामध्ये ३३ वटा वडाको मतपरिणाम सार्वजनिक भएको छ । ती वडामध्ये अधिकांश वडामा नेपाली कांग्रेसले जित हात पारेको छ । कही गठबन्धन कही एक्लै निर्वाचन लडेको कांग्रेसले १६ वटा वडामा वडाध्यक्ष जितेको हो । कांग्रेसपछि नेकपा एमालेले ११ वटा वडाको वडाध्यक्ष जितेको छ । त्यस्तै नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीले समान २-२ वटा वडा जितेका छन् । त्यस्तै नेकपा एकीकृत समाजवादीले एउटा वडा जितेको छ भने स्वतन्त्र उम्मेदवारहरुले एउटा सिंगो वडा जितेका छन् । २०७४ को गत निर्वाचनमा जितेका दल र तिनका उम्मेदवारहरुले धेरै ठाउँमा हार्नु परिरहेको छ ।

क.स.	विजयी उम्मेदवारको नाम	पद	पालिका	राजनीतिक पार्टी	पाएको मत
१	अग्नी प्रसाद पाण्डे	वडाध्यक्ष	बिर्तामोड-१	एमाले	१४६९
२	योगचन्द्र आङ्वुहाङ्ग	सदस्य	बिर्तामोड-१	एमाले	१३६०
३	टेकबहादुर अधिकारी	सदस्य	बिर्तामोड-१	एमाले	१३३४
४	यमुनादेवी आचार्य	महिला सदस्य	बिर्तामोड-१	एमाले	१४२५
५	कमलामहरा दर्जी	द.महिला सदस्य	बिर्तामोड-१	एमाले	१४५५
६	सुकलाल राजवंशी	वडाध्यक्ष	हल्दिबारी २	माओवादी	१२६१
७	विष्णुबहादुर राई	सदस्य	हल्दिबारी २	एमाले	१०८७
८	गणेशकुमार मगर	सदस्य	हल्दिबारी २	माओवादी	१०१३
९	रचना कुलुङ	महिला सदस्य	हल्दिबारी २	माओवादी	११०७
१०	अम्बिका तोलांगी	द.महिला सदस्य	हल्दिबारी २		११०२
११	महावीर लिम्बु	वडाध्यक्ष	कचनकवल-१	कांग्रेस	१४४२
१२	अन्तप्रसाद राजवंशी	सदस्य	कचनकवल-१	कांग्रेस	१२००
१३	उग्रनारायणसिंह राजवंशी	सदस्य	कचनकवल-१	कांग्रेस	११७२
१४	सान्जावती राजवंशी	महिला सदस्य	कचनकवल-१	कांग्रेस	१४४९
१५	सुनिता दर्जी	द.महिला सदस्य	कचनकवल-१	कांग्रेस	१४२९
१६	लेखनाथ खत्री	वडाध्यक्ष	कचनकवल-२	एमाले	७८०
१७	धनबहादुर गुरुङ्ग	सदस्य	कचनकवल-२	काँग्रेस	७१७
१८	गणेश भण्डारी	सदस्य	कचनकवल-२	एमाले	६९५
१९	मनमाया चौहार्न	महिला सदस्य	कचनकवल-२	एमाले	७४९
२०	अमृता बोगटी गन्धर्व	द.महिला सदस्य	कचनकवल-२	रा.प्र.पा.	७३३
२१	ग्यास आजमल मिया	वडाध्यक्ष	कचनकवल-३	काँग्रेस	१३७५
२२	मेघलाल राजवंशी	सदस्य	कचनकवल-३	काँग्रेस	१२९६
२३	सुर्यनारायण राजवंशी	सदस्य	कचनकवल-३	काँग्रेस	१२४५
२४	विष्णुमाया अधिकारी	महिला सदस्य	कचनकवल-३	काँग्रेस	१३३४
२५	शोभा सुन्दास	द.महिला सदस्य	कचनकवल-३	काँग्रेस	१४३८
२६	रामप्रसाद अधिकारी	वडाध्यक्ष	भद्रपुर -१	एमाले	९७२
२७	टिकाप्रसाद भण्डारी	सदस्य	भद्रपुर -१	एमाले	९२६
२८	दिलबहादुर लिम्बु	सदस्य	भद्रपुर -१	एमाले	९१५
२९	सीताकुमारी गुरुङ्ग	महिला सदस्य	भद्रपुर -१	एमाले	९३९
३०	अम्बिका विश्वकर्मा	द.महिला सदस्य	भद्रपुर -१	एमाले	९५३
३१	रामबहादुर कडेल	वडाध्यक्ष	भद्रपुर -२	काँग्रेस	१३०९
३२	द्रोणप्रसाद कोइराला	सदस्य	भद्रपुर -२	एमाले	११०६
३३	लिलादास निरौला	सदस्य	भद्रपुर -२	एमाले	१०८५
३४	ममता लिम्बु	महिला सदस्य	भद्रपुर -२	एमाले	११२१
३५	देविका वसेल	द.महिला सदस्य	भद्रपुर -२	एमाले	११३४
३६	हेमबहादुर कार्की	वडाध्यक्ष	भद्रपुर -३	रा.प्र.पा.	१०१४
३७	पूर्णमाया सुब्बा लिम्बु	सदस्य	भद्रपुर -३	रा.प्र.पा.	९८८
३८	मुदिलाल गणेश	सदस्य	भद्रपुर -३	रा.प्र.पा.	९७३
३९	भुवामाया थापा पुलामी	महिला सदस्य	भद्रपुर -३	रा.प्र.पा.	९९५
४०	सोभा दर्जी	द.महिला सदस्य	भद्रपुर -३	रा.प्र.पा.	१००९
४१	हंशधर राजवंशी	वडाध्यक्ष	भद्रपुर -४	माओवादी	१२६६
४२	माधवप्रसाद अधिकारी	सदस्य	भद्रपुर -४	एमाले	९४२
४३	अर्जुन वानिया	सदस्य	भद्रपुर -४	एमाले	८९८
४४	सविता पुरी	महिला सदस्य	भद्रपुर -४	माओवादी	१०२०
४५	सावित्रा विश्वकर्मा	द.महिला सदस्य	भद्रपुर -४	एमाले	८६५
४६	देवीबहादुर थापा	वडाध्यक्ष	हल्दीवारी-१	रा.प्र.पा.	१९६८
४७	प्रकाशकुमार कार्की	सदस्य	हल्दीवारी-१	रा.प्र.पा.	१९७४
४८	कुलबहादुर वान्तवा	सदस्य	हल्दीवारी-१	रा.प्र.पा.	१९४१
४९	शान्ता शिवाकोटी	महिला सदस्य	हल्दीवारी-१	रा.प्र.पा.	१७७१
५०	रुपादेवी रसाइली	द.महिला सदस्य	हल्दीवारी-१	रा.प्र.पा.	२०३८
५१	टेकबहादुरसिंह राजवंशी	वडाध्यक्ष	बाह्रदशी-१	काँग्रेस	५७९
५२	सम्पतलाल गिरी	सदस्य	बाह्रदशी-१	काँग्रेस	५३९
५३	विजयप्रसाद अधिकारी	सदस्य	बाह्रदशी-१	काँग्रेस	५३७
५४	निर्मला राई	महिला सदस्य	बाह्रदशी-१	काँग्रेस	६०२
५५	गायत्री ऋषिदेव	द.महिला सदस्य	बाह्रदशी-१	काँग्रेस	५६६
५६	भिमबहादुर कार्की	वडाध्यक्ष	बाह्रदशी-२	काँग्रेस	१३३९
५७	ईस्हाक आलम मियाँ	सदस्य	बाह्रदशी-२	काँग्रेस	१२२५
५८	युवराज ढकाल	सदस्य	बाह्रदशी-२	काँग्रेस	११९४
५९	रन्जना बास्कोटा	महिला सदस्य	बाह्रदशी-२	काँग्रेस	१२५८
६०	नमदेवी खत्वे	द.महिला सदस्य	बाह्रदशी-२	काँग्रेस	१३२०
६१	टंकप्रसाद साह	वडाध्यक्ष	बाह्रदशी-३	काँग्रेस	९८७
६२	हेमलाल दाहाल	सदस्य	बाह्रदशी-३	एमाले	१०६८
६३	पुनेप्रसाद ढुङ्गेल	सदस्य	बाह्रदशी-३	काँग्रेस	९१९
६४	लक्ष्मीकुमारी निरौला अधिकारी	महिला सदस्य	बाह्रदशी-३	काँग्रेस	१०७५
६५	सपना विश्वकर्मा	द.महिला सदस्य	बाह्रदशी-३	काँग्रेस	९१९
६६	राजकुमार यादव	वडाध्यक्ष	झापा-१	काँग्रेस	८१७
६७	कमलबहादुर लिम्बु	सदस्य	झापा-१	काँग्रेस	८९२
६८	रुपलाल गणेश	सदस्य	झापा-१	काँग्रेस	७६३
६९	असमेरी खातुन	महिला सदस्य	झापा-१	काँग्रेस	८४६
७०	हरिमाया गदराज कामी	द.महिला सदस्य	झापा-१	काँग्रेस	८६८
७१	हिमालकुमार चम्लागाई	वडाध्यक्ष	झापा-२	काँग्रेस	९८०
७२	मोहनकुमार राजवंशी	सदस्य	झापा-२	काँग्रेस	८९१
७३	राजकुमार काहार	सदस्य	झापा-२	काँग्रेस	८३४
७४	कविता सोरेन	महिला सदस्य	झापा-२	काँग्रेस	९४३
७५	बाबरीदेवी परियार	द.महिला सदस्य	झापा-२	काँग्रेस	१०१३
७६	नगेन्द्र भण्डारी	वडाध्यक्ष	गौरादह - १	एमाले	१९९३
७७	केशेरबहादुर भुजेल (खवास)	सदस्य	गौरादह - १	एमाले	१९७७
७८	जमुन राई	सदस्य	गौरादह - १	एमाले	१९६४
७९	अन्जु निरौला	महिला सदस्य	गौरादह - १	एमाले	२००८
८०	लक्ष्मीदेवी विश्कर्मा	द.महिला सदस्य	गौरादह - १	एमाले	२००९
८१	गोपालप्रसाद कोइराला	वडाध्यक्ष	गौरादह - २	काँग्रेस	१०६८
८२	शंकरप्रसाद कट्टेल	सदस्य	गौरादह - २	काँग्रेस	१०३०
८३	उत्तमबहादुर वस्नेत	सदस्य	गौरादह - २	काँग्रेस	९५६
८४	विमला वास्तोला	महिला सदस्य	गौरादह - २	काँग्रेस	१०६२
८५	अम्बिका बर्देवा	द.महिला सदस्य	गौरादह - २	काँग्रेस	१०६५
८६	हरि प्रसाद न्यौपाने	वडाध्यक्ष	दमक -१	एमाले	१६८६
८७	घुविर बुढाथोकी	सदस्य	दमक -१	एमाले	१६५८
८८	राजकर्ण राई	सदस्य	दमक -१	एमाले	१६१२
८९	तारा खप्तरी	महिला सदस्य	दमक -१	एमाले	१७१४
९०	नविना मोहरा	द.महिला सदस्य	दमक -१	एमाले	१७१५
९१	केदार कटुवाल	वडाध्यक्ष	कमल - १	काँग्रेस	१७८६
९२	चैतन्यप्रसाद चम्लागाई	सदस्य	कमल - १	काँग्रेस	१६०९
९३	भोला दुलाल	सदस्य	कमल - १	काँग्रेस	१५३५
९४	बालकुमारी प्रसाई	महिला सदस्य	कमल - १	काँग्रेस	१६६५
९५	कमला विश्वकर्मा	द.महिला सदस्य	कमल - १	काँग्रेस	१६६०
९६	अशोक सुब्बा	वडाध्यक्ष	कमल - २	एकिकृत समाजवादी	१८६०
९७	भिमबहादुर कार्की	सदस्य	कमल - २	एकिकृत समाजवादी	१५९९
९८	महेन्द्र खत्री	सदस्य	कमल - २	एकिकृत समाजवादी	१४७४
९९	कल्पना राई	महिला सदस्य	कमल - २	एकिकृत समाजवादी	१६८३
१००	सोमाया नेपाली दर्जी	द.महिला सदस्य	कमल - २	एकिकृत समाजवादी	१६७४
१०१	अग्नीप्रसाद कोइराला	वडाध्यक्ष	कमल - ३	एमाले	१७३९
१०२	एङ्गल गुरुङ्ग	सदस्य	कमल - ३	एमाले	१६०४
१०३	सन्तकुमार मगर	सदस्य	कमल - ३	एमाले	१५६८
१०४	भगवती राई	महिला सदस्य	कमल - ३	एमाले	१६७०
१०५	केसरा नेपाली वर्देवा	द.महिला सदस्य	कमल - ३	एमाले	१७१५
१०६	लक्ष्मी प्रसाद चेम्जोङ्ग	वडाध्यक्ष	शिवसताक्षि-१	एमाले	९४८
१०७	नारायणप्रसाद रिजाल	सदस्य	शिवसताक्षि-१	एमाले	१११०
१०८	पुर्णजंग चेम्जोङ	सदस्य	शिवसताक्षि-१	एमाले	१०२९
१०९	उमा माझी	महिला सदस्य	शिवसताक्षि-१	एमाले	१११९
११०	निर्मला पौडेल	द.महिला सदस्य	शिवसताक्षि-१	एमाले	११२९
१११	दीर्घ बहादुर थापा	वडाध्यक्ष	कन्काई-६	एमाले	५०८
११२	सन्तोष सोरेन	सदस्य	कन्काई-६	एमाले	५८८
११३	अर्जुनकुमार राजवंशी	सदस्य	कन्काई-६	काँग्रेस	५४८
११४	कुमारीद्रौपदा गौतम	महिला सदस्य	कन्काई-६	एमाले	५७९
११५	कल्पना विश्वकर्मा	द.महिला सदस्य	कन्काई-६	एमाले	५६२
११६	भिष्मभुषण सिटौला	वडाध्यक्ष	कन्काई-७	काँग्रेस	१११५
११७	निर्मल आङथुपा	सदस्य	कन्काई-७	स.लो.रा.म.	८९३
११८	भगन टुडु	सदस्य	कन्काई-७	काँग्रेस	६८७
११९	अरुणा सुब्बा	महिला सदस्य	कन्काई-७	काँग्रेस	९४८
१२०	सावित्रा सार्की	द.महिला सदस्य	कन्काई-७	काँग्रेस	८७४
१२१	लिलाबहादुर कटुवाल	वडाध्यक्ष	कन्काई-८	काँग्रेस	९१८
१२२	बलभद्र ढुंगेल	सदस्य	कन्काई-८	एमाले	९३५
१२३	भक्त बहादुर विष्ट	सदस्य	कन्काई-८	एमाले	९१४
१२४	रिता उप्रेती	महिला सदस्य	कन्काई-८	काँग्रेस	१०२३
१२५	कविता वि क	द.महिला सदस्य	कन्काई-८	एमाले	९२४
१२६	राजेन्द्रप्रसाद उप्रेती	वडाध्यक्ष	कन्काई-९	एमाले	१०९८
१२७	नरमान श्रेष्ठ	सदस्य	कन्काई-९	एमाले	८०१
१२८	युवराज राजवंशी	सदस्य	कन्काई-९	एमाले	६४९
१२९	सुशिला बुधनीकुमारी चौधरी	महिला सदस्य	कन्काई-९	एमाले	७८३
१३०	तारा दमाई	द.महिला सदस्य	कन्काई-९	एमाले	७८६
१३१	अनिल वाग्ले	वडाध्यक्ष	बुद्धशान्ति -१	एमाले	२०४३
१३२	लक्ष्मीप्रसाद कँडेल	सदस्य	बुद्धशान्ति -१	एमाले	१४२१
१३३	मोहनकुमार राई	सदस्य	बुद्धशान्ति -१	एमाले	१३६०
१३४	तुलसादेवी खतीवडा	महिला सदस्य	बुद्धशान्ति -१	एमाले	१७२२
१३५	सुमित्रा विश्वकर्मा	द.महिला सदस्य	बुद्धशान्ति -१	एमाले	१६५९
१३६	उपेन्द्र वस्नेत	वडाध्यक्ष	अर्जुनधारा-१	काँग्रेस	१५९४

❖ बाँकी अन्तिम पृष्ठमा

झापाका...

१३७	मदनकुमार लिमेल	सदस्य	अर्जुनधारा-१	एमाले	१६५९
१३८	दिनेशकुमार घिमिरे	सदस्य	अर्जुनधारा-१	एमाले	१४९४
१३९	मुना खत्री	महिला सदस्य	अर्जुनधारा-१	एमाले	१५२७
१४०	ईन्द्रकुमारी विश्वकर्मा	द.महिला सदस्य	अर्जुनधारा-१	एमाले	१६३१
१४१	नरेन्द्र कुमार श्रेष्ठ	वडाध्यक्ष	अर्जुनधारा-२	काँग्रेस	१५०८
१४२	बलबहादुर समाल मगर	सदस्य	अर्जुनधारा-२	एमाले	११०४
१४३	प्रेमबहादुर उपरकोटी	सदस्य	अर्जुनधारा-२	एमाले	१०४८
१४४	शर्मिला सुब्बा	महिला सदस्य	अर्जुनधारा-२	एमाले	१४४९
१४५	विमला रोक्का	द.महिला सदस्य	अर्जुनधारा-२	एमाले	१२७६
१४६	प्रजापती सापकोटा	वडाध्यक्ष	दमक -२	एमाले	१४२७
१४७	ललीत बहादुर विश्वकर्मा	सदस्य	दमक -२	एमाले	१८३१
१४८	छविलाल दुलाल	सदस्य	दमक -२	एमाले	१६८१
१४९	कृष्णमाया थापा	महिला सदस्य	दमक -२	माओवादी	१६४१
१५०	चन्द्रकला विश्वकर्मा	द.महिला सदस्य	दमक -२	एमाले	१७५६
१५१	नुरुजजमा मिया	वडाध्यक्ष	कचनकवल-४	काँग्रेस	१२३६
१५२	सन्तोष कुमार गणेश	सदस्य	कचनकवल-४	काँग्रेस	१०५१
१५३	पहार सिंह गणेश	सदस्य	कचनकवल-४	काँग्रेस	१००५
१५४	मुस्तकोमा मिया	महिला सदस्य	कचनकवल-४	काँग्रेस	१०३५
१५५	विजली दास	द.महिला सदस्य	कचनकवल-४	काँग्रेस	निर्विरोध
१५६	महताब आलम	वडाध्यक्ष	बाह्रदशी-४	स्वतन्त्र	७५२
१५७	विवेक कुमार गणेश	सदस्य	बाह्रदशी-४	स्वतन्त्र	७२०
१५८	बल बहादुर वानिया	सदस्य	बाह्रदशी-४	स्वतन्त्र	६८५
१५९	कल्पना श्रेष्ठ	महिला सदस्य	बाह्रदशी-४	स्वतन्त्र	७५२
१६०	सुमित्रा देवी मोची	द.महिला सदस्य	बाह्रदशी-४	स्वतन्त्र	७३५
१६१	डिल्लीप्रसाद ओली	वडाध्यक्ष	बुद्धशान्ति २	कांग्रेस	६७०
१६२	रुपप्रसाद भट्टराई	सदस्य	बुद्धशान्ति २	एमाले	४९२
१६३	अमिरकुमार श्रेष्ठ	सदस्य	बुद्धशान्ति २	एमाले	४२५
१६४	सन्जु पौडेल	महिला सदस्य	बुद्धशान्ति २	एमाले	५२९
१६५	विमला विश्वकर्मा	द महिला सदस्य	बुद्धशान्ति २	एमाले	५२६

ताप्लेजुङका ४ पालिकामा गठबन्धन विजयी

ताप्लेजुङ (प्रस) । ताप्लेजुङको चारवटा स्थानीय तहको मतगणना सकिएको छ । गणना भएको चारवटै पालिका गठबन्धनले जितेको हो।
पछिल्लो परिणाम अनुसार मिक्वाखोला गाउँपालिकामा नेपाली कांग्रेसका भक्तबहादुर कार्की २ हजार २३ मत प्राप्त गर्दै निर्वाचित भएका हुन्। उनका निकटतम् प्रतिस्पर्धी नेकपा एमालेका दिवस लिम्बूलाई ५९ मतले पछि पार्दै निर्वाचित भएका हुन्।
लिम्बूले १ हजार ९ सय ६४ मत प्राप्त गरे। यस्तै पालिकाको उपाध्यक्षतर्फ गठबन्धनकै नेकपा माओवादी केन्द्रका डण्डु शेर्पा विजयी भए। शेर्पाले २ हजार १ सय ७४ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी एमालेकी मिनाकुमारी केदेमले १ हजार ७ सय ४३ मत प्राप्त गरिन्।
उता मैवाखोला गाउँपालिकामा माओवादी केन्द्रका विजय प्रकाश वनेम निर्वाचित भएका छन्। २ हजार ६ सय ९ मत प्राप्त गर्दै वनेम विजयी भएका हुन्। एमाले किल्ला भनिदैं आएको मैवाखोलामा यसपटक गठबन्धनले किल्ला भत्काएको छ। वनेमले निवर्तमान गाउँपालिका अध्यक्ष राजन थत्लुङलाई पराजित गरे। थत्लुङले २ हजार ५२ मत ल्याए। उपाध्यक्षमा गठबन्धनतर्फ नेपाली काँग्रेसकी कमलकुमारी लिम्बू निर्वाचित भईन्। उनले २ हजार ५ सय ४१ मत प्राप्त गरिन। जहाँ निवर्तमान उपाध्यक्ष कौशिला थत्लुङले २ हजार १ सय १ मत ल्याईन।
मैवाखोला गाउँपालिका एमाले सचिव तथा पूर्वमन्त्री योगेशकुमार भट्टराईको गृह गाउँ हो। २०७४ सालको स्थानीय तहको निर्वाचनमा ३२ सदस्यीय गाउँसभा रहने यो गाउँपालिकाबाट अध्यक्ष, उपाध्यक्षसहित ३२ मध्ये ३१ सभा सदस्य एमालेबाट निर्वाचित भएका थिए। यसपटक भने मैवाखोलाको ६ नम्बर वडा मात्रै जित्यो।
मेरिडदेन गाउँपालिकामा नेपाली कांग्रेसका गठबन्धनका उम्मेदवार युकहां विर हांगाम डम्बर २ हजार ८ सय ६९ मतसहित अध्यक्षमा निर्वाचित भएका छन्। उनका निकटतम् प्रतिस्पर्धी एमालेका केदारजंग लिम्बूले २ हजार ७ सय ७० मत ल्याएका छन्।
उपाध्यक्षमा एकीकृत समाजवादीका दुर्गाप्रसाद श्रेङचोङ्गवाङ २ हजार ५ सय ९८ मत ल्याएर निर्वाचित भए। उनलाई एमालेको समर्थन रहेका स्वतन्त्र उम्मेदवार दावाछिरिङ शेर्पाले चुनौती दिएका थिए। शेर्पाले १ हजार ६सय ५७ मत मात्रै प्राप्त गरे।
उता फक्ताङलुङ गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका राजन लिम्बू (मुक्ति) निर्वाचित भएका छन्। लिम्बू २ हजार ६ सय ६० मत ल्याएर निर्वाचित भएका हुन्। उनले निवर्तमान पालिका अध्यक्ष नेकपा (एमाले) उम्मेदवार सरोज लिम्बूलाई ३ सय ४८ मतान्तरले पराजित गरे। सरोजले २ हजार ३ सय १२ मत ल्याएका छन्।
उपाध्यक्षमा भने नेपाली कांग्रेसका रविन साम्रा लिम्बू निर्वाचित भएका छन्। उनले २ हजार ३ सय ५८ मत प्राप्त गरे।
उनका प्रतिस्पर्धी एमालेकी शान्तिमाया लिम्बू (पौडेल) ले २ हजार २ सय १२ मत ल्याइन्।
अब दुई पालिकाको मतगणना अन्तिम चरणमा पुगेको छ। फुङ्लिङ नगरपालिका र आठराई त्रिवेणी गाउँपालिकाको मतगणना सोमबार रातिसम्ममा आईसक्ने बताईएको छ। फुङ्लिङ नगरपालिकामा नेपाली कांग्रेसको अग्रता रहेको छ भने आठराई त्रिवेणीमा नेकपा एमालेले अग्रता लिएको छ।
उता सिरिजंघा, सिदिंवा र पाथिभरा याङ्वरक गाउँपालिकाको भने मंगलबार दिउँसोसम्ममा सकिने बताईएको छ। जिल्लाका ५१ वटा वडाको मतगणना सम्पन्न हुँदा नेकपा एमालेले २६, नेपाली कांग्रेसले १२, नेकपा माओवादी केन्द्रले ८, नेकपा एकीकृत समाजवादीले २, स्वतन्त्रले २ र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले एक स्थानमा जितेको छ।

नेपाल र भारतबीच ६ बुँदे सम्झौता



झापा (प्रस) । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सोमबार भएको लुम्बिनी भ्रमणका क्रममा नेपाल र भारतबीच ६ बुँदे सम्झौता भएको छ।
भारतको विदेश मन्त्रालयद्वारा सार्वजनिक गरिएको वक्तव्यअनुसार दुई मुलुकबीच ६ बुँदामा सम्झौता भएको हो।
यस्ता छन् सम्झौताहरू
१. बौद्ध दर्शन अध्ययनका लागि डा. अम्बेडकर चेयर स्थापना गर्ने सम्बन्धमा भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) र लुम्बिनी बौद्ध विश्वविद्यालयबीच सम्झौता
२. भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) र नेपाल तथा एसियाली अध्ययन केन्द्र तथा त्रिभुवन विश्वविद्यालयबीच भारतीय अध्ययनको आईसीसीआर चेयर स्थापना गर्ने सम्झौता।
३. भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) र काठमाडौं विश्वविद्यालय (केयू) बीच भारतीय अध्ययनको आईसीसीआर चेयर स्थापना गर्ने सम्झौता
४. काठमाडौं विश्वविद्यालय (केयू) र भारतको इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी मद्रास (आईआईटीएम)बीच सहयोगको सम्झौता
५. नेपालको काठमाडौं विश्वविद्यालय (केयू) र भारतको इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी मद्रास (आईआईटीएम) भारतबीच स्नातकोत्तर तहमा संयुक्त डिग्री कार्यक्रम गरिने
६. अरुण चौथो आयोजनाको विकास र कार्यान्वयनका लागि सतजल जलविद्युत् लिमिटेड र नेपाल विद्युत् प्राधिकरण (एनईए)बीच सम्झौता

एक मतले जितेर वडाध्यक्ष

झापा (प्रस) । काभ्रेमा तीन जना वडाध्यक्षले रोचक प्रतिस्पर्धाकाबीच एक-एक मतान्तरले जितेका छन्।
तेमाल गाउँपालिका-१ मा इन्द्रबहादुर अधिकारी, खानीखोला गाउँपालिका-१ मा सन्तमान थिङ र चौरीदेउराली गाउँपालिका-१ मा सुशील लामाले एक-एक मतको अन्तरले वडाध्यक्षमा जितेका हुन्। ती वडाहरुको प्रतिस्पर्धा निकै रोचक भएको थियो।

खानीखोला-१ को वडाध्यक्ष पदको लागि प्रतिस्पर्धा निकै रोचक भयो। त्यहाँ नेकपा माओवादी केन्द्रका उम्मेदवार सन्तमान थिङ १ मतको अन्तरले विजयी भए। उनका निकटतम् प्रतिस्पर्धी आशाराम थिङले ५ सय ४७ मत ल्याएका थिए।
मतगणनाको क्रममा आफ्नो मत अगाडि हुँदा सन्तमान उत्साही हुन्थे, पछाडी हुँदा केही निराश हुन्थे। अन्तिम २ मत गन्न बाँकी हुँदा आशाराम १ मतले अगाडी थिए। पछिल्ला दुवै मत सन्तमानको चुनाव चिन्हमा संकेत भएपछि उनको जित निश्चित भएको थियो।

त्यस्तै चौरीदेउराली -१ मा कांग्रेसका तर्फबाट वडाध्यक्षका उम्मेदवार लामाले १ मतको अन्तरले जिते। लामाले ४ सय २ मत प्राप्त गरेका थिए भने उनका निकटतम् प्रतिस्पर्धी माओवादी केन्द्रका उम्मेदवार राजु आलेले ४०१ मत प्राप्त गरेका थिए।
विजयी जुलुसपछि पुन मतगणना, १ मतले पराजित
२ मतको अन्तरले विजयी भइसकेका तेमाल गाउँपालिका-१ को वडाध्यक्ष कालदास लामालाई धेरैले बधाई दिए। ३० बर्षपछि कम्युनिष्टको गढ तोडिएको भन्दै सामाजिक सञ्जालमा उनलाई बधाईको ओइरो लाग्यो।
विजयी जुलुस पनि भयो तर, पुन मतगणना गर्नुपर्ने एमालेले अडान लियो। आफू जितिहाल्ने भने कांग्रेसका मतगणना प्रतिनिधिले पनि विरोधका बीच समर्थन जनाए।
शुरुमा कालदासले ५ सय ३१ र एमालेका इन्द्रबहादुर अधिकारीले ५ सय २९ भोट ल्याएका थिए। पुन : मतगणना हुँदा अधिकारीले ५ सय ३१ र कालदासले ५ सय ३० मत ल्याएपछि अधिकारीलाई विजयी घोषणा गरिएको छ।

चट्याङ लागेर एकजनाको मृत्यु

झापा (प्रस) । हल्दिबारी गाउँपालिका वडा नं.२ राई टोल बस्ने सुफल हस्दाका २६ बर्षीय छोरा भेना हस्दाको चट्याङले लागेर मृत्यु भएको छ।
सोमबार राति साढे १ बजेको समयमा ट्वाइलेट गर्न बाहिर निस्किएको क्रममा अविरल बर्षासंगै परेको चट्याङले लागेर हस्दाको घट्नास्थलमै मृत्यु भएको हो। प्रहरी टोली खटी आवश्यक कानूनी प्रकृयापश्चात् पोष्टमार्टमको लागि मेची अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम
यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ।
बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सर्वभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले प्रदान गर्ने सेवाहरु सम्बन्धी
सूचना सूचना सूचना
(१) सबै प्रकारका रोगीहरू तथा रोगहरुको आयुर्वेद पद्धतिद्वारा निशुल्क दैनिक परीक्षण तथा उपचार सेवा।
(२) २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरू निशुल्क वितरण।
(३) ल्याव सेवा।
(४) पारालाइसिस, वाथ रोगीहरु तथा हात, खुट्टा , कम्मर दुख्ने रोगी तथा अन्य रोगीहरुको लागि पञ्चकर्म विधिद्वारा उपचार सेवा।
(५) पिनास, माईग्रेन, मानसिक रोग तथा शिरो रोगीहरूको लागि नस्यकर्म तथा शिरोधारा सेवाद्वारा उपचार।
(६) फिजियोथेरापी सेवा।
(७) मलद्वारमा देखा पर्ने पाइल्स, फिस्टुला , फिसर लगायत अन्य रोगहरुको क्षारसुत्र विधिद्वारा उपचार सेवा।
(८) अग्निकर्म विधिद्वारा विभिन्न दुखाई सम्बन्धी रोगहरुको उपचार सेवा।
(९) जेष्ठ नागरिकहरुको लागि शक्तिबर्द्धक रसायन वितरण।
(१०) स्तनपायी आमाहरुलाई दुग्धबर्द्धक आयुर्वेद औषधी निशुल्क वितरण।
(११) स्वस्थ जीवन सम्बन्धी परामर्श एवम् योग सेवा
आदि विभिन्न प्रकारका सेवाहरु प्रदान गरिरहेकोले समयमै आफ्नो स्वास्थ्यको रक्षा गर्न जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा आएर आयुर्वेदद्वारा स्वास्थ सेवा लिई स्वास्थ्य लाभ लिनुहुन यो सूचना प्रकाशन गरिएको छ।
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र , भद्रपुर , झापा

हात्तीको आक्रमणबाट वृद्धको मृत्यु, महिला घाइते

झापा (प्रस) । झापामा हात्तीको आक्रमणबाट एक वृद्धको ज्यान गएको छ भने अर्की महिला सख्त घाइते भएकी छन्
हात्तीको आक्रमणबाट सोमबार दिउँसो ३.४५ बजे मेचीनगर नगरपालिका-९ पशुपति टोल बस्ने ७० वर्षीय पेना किसानको मृत्यु भएको हो। टिमाई खोलास्थित थोप्लेविरान सामुदायिक वनबाट निस्किएको हात्तीले बगरमा हिँडिरहेको अवस्थामा किसानलाई आक्रमण गरेको थियो। आक्रमणबाट घाइते भएका उनलाई उपचारका लागि मेची अस्पताल भद्रपुर लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। त्यस्तै सोमबार दिउँसो मेचीनगर ९ स्थित थोप्लेविरान सामुदायिक बनमा घाँस काट्न गएको अबस्थामा सोही ठाउँ बस्ने ३८ वर्षिया झुमा भनिने बसन्ती दनुवारलाई आक्रमण गरी सख्त घाइते बनाएको छ।
पेट र शरीरको विभिन्न भागमा चोट लागेकी दनुवारको बिएण्डसी हस्पिटलमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बसन्त पाठकले बताए।

बाह्रदशी ४ मा स्वतन्त्र उम्मेदवारको प्यानलै विजयी

झापा , जेठ २ । झापाको बाह्रदशी गाउँपालिका वडा नं ४ मा स्वतन्त्र उम्मेदवारहरुले पुरै प्यानल नै जितेका छन्। गुलाफ फूल चुनाव चिन्ह भएका स्वतन्त्र उम्मेदवारहरुले वडाध्यक्षदेखि सदस्यसम्म पाँचवटै पद जितेका हुन्। स्वतन्त्र उम्मेदवार महताव आलमले ७५२ मत ल्याएर वडाध्यक्ष जितेका छन्। उनका प्रतिद्वन्द्वी माओवादीका समिम मियाले ५९१ मत पाएका छन्।
त्यस्तै खुल्ला सदस्यमा स्वतन्त्र उम्मेदवार विवेककुमार गणेश ७२० , स्वतन्त्र उम्मेदवार बलबहादुर बानिया ६८५ , महिला सदस्यमा स्वतन्त्र उम्मेदवार कल्पना श्रेष्ठ ७५२ र दलित महिला सदस्यमा स्वतन्त्र उम्मेदवार सुमित्रादेवी मोचीले ७३५ मत ल्याएर विजयी भएका छन्। नेपाली कांग्रेसले गठबन्धन गरी माओवादीलाई सो वडा दिएपछि कांग्रेसका आकांक्षीहरु पार्टी परित्याग गरी प्यानल बनाएर स्वतन्त्र उठेका थिए।

हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रूफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।
नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

सुधारको बाटोमा हिड

स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । आमजनताले उत्साहका साथ निर्वाचनमा भाग लिएर आफूलाई मन परेको राजनीतिक दल र व्यक्तिलाई भोट दिए । यो निर्वाचनलाई जनताले उत्सवकै रूपमा लिए । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत विकासमा स्थानीय तहको दोस्रोपटक भएको यो निर्वाचन कोसेढुंगा साबित भएको छ । निर्वाचनबाट निर्वाचित भएर आउने जनप्रतिनिधिले असल आचरण प्रस्तुत गर्दै जनकेन्द्रित काम गरे भने त्यसले शासकीय व्यवस्थालाई झनै सफल बनाउने विश्वास गर्न सकिन्छ । नयाँ आउने हाम्रा जनप्रतिनिधि साँच्चै नै सच्चिएर अगाडि बढ्नुपर्ने भएको छ । विगतका जनप्रतिनिधिको काम गराइबाट जनता खासै सन्तुष्ट थिएनन् त्यसैले पनि आगामी दिनमा जनप्रतिनिधिले जनता सन्तुष्ट हुने गरी काम गर्नुपर्छ । जेहोस् स्थानीय तहको निर्वाचन समयमा नै सम्पन्न गराउन सफल भएकोमा सरकार र निर्वाचन आयोग धन्यवादको पात्र छ ।

निर्वाचनले नयाँ उत्साह थपेको भए पनि यो निर्वाचनमा ६५ प्रतिशत मत मात्रै खसेको छ । कतिपय ठाउमा गम्भीर खालका झडुप पनि भए । लोकतन्त्रमा हुने हरेक प्रतिस्पर्धा मर्यादित र शान्तिपूर्ण हुनुपर्छ । तर, निर्वाचनका बेला देखिएका केही दृश्यले पनि लोकतन्त्रलाई नै गिज्याउने काम गऱ्यो जुन निकै दु:खद हो । त्यस्तै आयोग स्वयंले सोचेअनुसार मत पनि खस्न सकेन । यो अर्को दु:खद पक्ष हो । यो निर्वाचनमा खसेको मत प्रतिशतलाई हेर्ने हो भने यो सन्तोषजनक होइन । जुन संख्यामा जनता भोट हाल्न जानुपथ्र्यो त्यो संख्यामा भोट हाल्न नगएको पाइयो । जनतामा राजनीतिप्रति देखिएको वितृष्णाले पनि काम गरेको हुन सक्छ । मुलत: पछिल्लो समयमा राजनीति इमान र नैतिकताको आधारमा चल्न सकेको छैन । राजनीतिक दल र तिनका नेतामा देखिएको भ्रष्ट प्रवृत्तिले पनि जनतामा निराशा देखिएको हो । त्यसैले राजनीतिक दलले यसबाट शिक्षा लिएर आगामी दिनमा सच्चिनुपर्छ । जनताले निर्वाचनमा भाग लिन किन खासै रुचि देखाएनन् ? त्यसको कारण खोज्ने काम दलकै हो । दलले जनतालाई केन्द्रबिन्दुमा राखेर काम गरेको खण्डमा दलप्रति जनताको आकर्षण बढ्छ भने मुलुकको विकास र समृद्धिमा समेत टेवा पुग्छ । अहिले निर्वाचनमा देखिएको कम सहभागिताले दल र तिनका नेताप्रति आमजनता सन्तुष्ट छैनन् भन्ने कुराको सन्देश दिन्छ । यस्तो सन्देशका आधारमा राजनीतिक दल सुधारको बाटोमा हिड्न नसके संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकासमा गम्भीर धक्का लाग्न सक्छ ।

वातावरणीय मुद्दामा राजनीतिक सचेतता

• लक्ष्मीप्रसाद उपाध्याय

गाँस, बास र कपासको सर्वसुलभ व्यवस्था मानव समाजको आधारभूत आवश्यकता हो । नेपालजस्तो विकासोन्मुख मुलुकका लागि यो स्वाभाविक छ । खान र लगाउन पुगेपछि मानिस आराम चाहन्छ । समुन्नत विकासको चाहना त्यसपछिको प्राथमिकता हो । संविधान सभाबाट संविधान बनेपछि नेपाली जनतामा विकासको चाहनाको उचाइले ठूलो स्वरूप लियो । मुलुक नयाँ गणतान्त्रिक राजनीतिक पद्धतिमा प्रवेश गरेसँगै विकासप्रतिको चाख र चासो अनपेक्षित ढङ्गले बढ्यो । संविधान कार्यान्वयनको पहिलो उपहार मानिएको स्थानीय तह निर्वाचन सम्पन्न गर्ने दौरानमा मुलुकका राजनीतिक दलले विकासलाई एकसूत्रीय एजेन्डा बनाए । विकास प्रक्रियामा क्रममा प्राकृतिक स्रोतमा कस्तो प्रभाव पर्ला भन्ने विषयलाई खासै चासो दिइएन । वस्ती वरपरको प्राकृतिक सम्पदाको महत्व बुझ्नतिर कसैको ध्यान गएन । दिगो विकासका लागि के के आधार भूत आवश्यकता पूरा गर्नुपर्छ र विकासको मापदण्ड के हो भन्ने विषयमा कुनै दलले पनि खासै ध्यान दिएनन् । संविधान निर्माणपश्चात् बनेको पहिलो स्थानीय तहले समाजमा अन्धाधुन्ध विकासका योजना अघि बढायो तर कति योजनाले मूर्त रूप लिन नपाउँदै विनाश निम्त्यायो । कतिपय योजनाले विकास होइन, बस्तीको स्थानान्तरणको समस्या सिर्जना गऱ्यो भने कतिपय योजनाले समाजलाई बाढी, पहिरो र डुबानको पाऱ्यो । बितेको पाँच वर्षमा डोजरे विकासका कारण विकासभन्दा विनाश धेरै भएको पाइयो ।

डोजरे विकासले मुलुककै दुर्गम जिल्ला बाजुराका दुई दर्जन बस्ती स्थानान्तरण गर्न राष्ट्रिय योजना आयोगले अध्ययन समिति बनाउनु पऱ्यो । जाजरकोटमा करोडौं खर्च गरेर बनाइएका सडक केही वर्षपछि नलगाड जलविद्युत् आयोजनाको जलाशयमा डुब्ने स्थिति सिर्जना भयो । निर्माणको प्रारम्भमा रहेको नलगाडको जलाशयको भागमै करोडौं खर्च गरेर सडक बनाउनुपर्ने स्थिति किन पैदा भयो ? दोलखा, रामेछाप, बभाङ, बैतडी, संखुवासभालगायतका जिल्लामा पानीको मूल सुकेर धारामा पानी आउन छोड्यो । यसका एउटै कारण थियो, ती सबै विकासका योजना वातावरणीय प्रभावलाई कम आकलन गरी सुरु गरिएका थिए । मुलुककै प्रतिष्ठाको विषय बनेको मेलम्ची खानेपानी आयोजनाको माथिल्लो भागमा बिना अध्ययन भएको सडक खनजोतले गत वर्ष बितण्डै मच्चायो । यस्तो खालको विकासलाई खास अर्थमा विकास मानिँदैन । विकास दिगो हुनुपर्छ । दिगो विकासले एक पटकको लगानीबाट पुस्तौंसम्म प्रतिफल दिइरहन्छ तर यो पटकको स्थानीय तहले गरेको विकास पुस्तौंसम्म होइन, केही वर्ष पनि नटिक्ने र नदेख्ने स्थिति पैदा भयो । पाँच वर्षसम्म प्राप्त भएका अनुभव, अनुभूति र प्रतिफल देखेर नै होला यस पटकको स्थानीय तह निर्वाचनमा दलहरूले सुभ्रबुझपूर्ण तवरले वातावरणमैत्री विकासका आफ्ना प्रतिबद्धता तथा घोषणापत्र निर्माण गरे । केही दिनभित्रै सबै स्थानीय तहमा नयाँ जनप्रनिनिधि आउँदै छन् । मतदातासामु स्थानीय तहका जनप्रतिनिधिले गरेको वाचा, प्रतिबद्धता कार्यान्वयन हुनसके विगत पाँच वर्षमा देखिएको विकासमा देखिएका 'बबन्डर' रोकिने अपेक्षा गर्न सकिन्छ । यस पटकको निर्वाचनअघि प्रमुख दलले विकासप्रति आफ्ना प्रतिबद्धता व्यक्त गर्ने क्रममा वातावरणमैत्री विकास हुन सकेन भने समुन्नत नेपालको मार्गचित्र कोर्न नसकिने विषयलाई भने स्वीकार गरेको पाइन्छ । सत्तारुढ घटकको प्रमुख दल नेपाली काँग्रेसले आफ्नो चुनावी घोषणापत्रमा मुलुकको समुन्नतिको प्रमुख आधार वातावरणमैत्री पूर्वाधार विकास राखेको छ । वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण र सदुपयोगको मुद्दालाई काँग्रेसले स्थानीय तहको विकासको प्रमुख आधार स्तम्भ भन्दै प्राकृतिक स्रोतको पहिचान गरी तिनको सदुपयोगमार्फत हरेक स्थानीय तहलाई आत्मनिर्भर बनाउने योजना अघि सारेको छ ।

काँग्रेसले हरेक स्थानीय तहमा भूउपयोग नीतिको निर्माण गरी आवश्यकताअनुसार बस्ती विकास, पूर्वाधार निर्माण, वन व्यवस्थापन, पानीको मूल संरक्षण, सिँचाइ प्रणालीको विकास र स्थानीय तहमा प्राप्त प्राकृतिक सम्पदामा आधारित लघु उद्यमको प्रवर्द्धन गर्ने खाका कार्यान्वयन गर्ने वचन घोषणापत्रमार्फत आममतदातालाई दिएको छ । प्राकृतिक प्रणाली र सामाजिक जीवनमा जलवायु परिवर्तनको असरसँग सम्बन्धित आवश्यक सूचना, क्षमता अभिवृद्धि, स्रोतको व्यवस्थापन, गर्दै स्थानीय तहमा सम्पन्न गर्न सकिने कार्यको सूची तयार गरेर मात्र विकासका योजना अघि सार्ने वचनबद्धता काँग्रेसले गरेको छ । त्यसैगरी जलवायु अनुकूलन र उत्सर्जन न्यूनीकरण गर्न औद्योगिक, कृषि, ऊर्जा र यातायात क्षेत्रबाट हुने उत्सर्जनमा क्रमशः कटौती गर्ने गरी स्थानीय नीतिका साथ मात्र काम गर्ने रणनीति काँग्रेसले सार्वजनिक गरेको छ । यसबाट के प्रष्ट हुन्छ भने मुलुकका प्रमुख दलले पछिल्लो पटक देखिएको जलवायु परिवर्तनको समस्याबाट मुलुकलाई सहज रूपमा अवतरण गराउन स्थानीय तहलाई विशिष्टीकृत योजना तयार पार्न र त्यसको कार्यान्वयनमार्फत बलियो बनाउन खोजेको देखिन्छ । विश्व तापक्रम वृद्धि तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न स्थानीय अनुकूलन योजना निर्माण गरी प्राकृतिक स्रोतजन्य वा सामाजिक क्षेत्रमा आवश्यक अनुकूलनका कार्य गर्न काँग्रेसले विजय गरेका ठाउँमा स्थानीय समुदायसँग मिलेर काम गर्ने प्रतिबद्धता पनि गरेको छ ।

प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिस्ट पार्टी एमाले पनि यस पटकको स्थानीय तह निर्वाचनमा वातावरणमैत्री विकासका लागि सचेत र सजग देखिएको छ । उसले पनि आफ्नो घोषणापत्रमा दिगो विकासको अवधारणालाई कडाइका साथ पालना गरिने प्रतिबद्धता व्यक्त गरेको छ । एमालेले मुलुकको समृद्धिको आधार भनेर दिगो विकासलाई मूल नारा बनाएको छ । दिगो विकासबिना मुलुकले विकास र आर्थिक क्षेत्रमा फट्को मार्न नसक्ने कुरालाई आत्मसात् गरेको छ । एमालेले स्थानीय तह निर्वाचनका लागि निर्माण गरेको घोषणापत्रमा हरेक गाउँ बस्तीलाई हरियालीयुक्त र सुरक्षित आवासको रूपमा विकसित गर्ने उल्लेख गरेको छ । एकीकृत ग्राम विकास योजना निर्माण गरी हरेक स्थानीय तहमा विद्यमान प्राकृतिक स्रोतको उचित संरक्षण गरी एकोहोरो दोहनलाई नियन्त्रण गरी विकासमा फट्को मार्ने अवधारणा एमालेको छ । सडक बनाउँदा खानेपानीको पाइप भाँच्ने, बिजुली र टेलिफोनका पोल उखेल्दा सेवा अवरुद्ध हुने, सडक कालोपत्रे गरेको भोलिपल्टै खन्न थाल्ने विकासे मोडललाई परिवर्तन गर्न एकीकृत ढङ्गले ढल, खानेपानी, बिजुली, सञ्चार सेवा प्रवाह गर्ने संरचना भूमिगत बनाउने कुरालाई एमालेले अघि सारेको छ । यसले नेपालजस्तो अल्पविकसित मुलुकमा देखिने निर्माण नहुँदै भत्काउन सुरु गर्ने प्रवृत्तिको अन्त्य हुने अपेक्षा गर्न सकिन्छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले स्थानीय तहको आवश्यकताअनुसार वातावरणमैत्री विकासमा सबै जनप्रतिनिधिलाई जोड दिन आह्वान गरेको छ । सो पार्टीले विद्यमान प्राकृतिक सम्पदाको अधिकतम सदुपयोग गरी दिगो विकासको आधार निर्माण गर्न आफ्ना सबै नेता कार्यकर्तालाई निर्देशनसमेत दिएको छ । जनता समाजवादी पार्टीले 'खुला आकाश, शुद्ध वायु, स्वच्छ जल र हरित वातावरण' नीति स्थानीय विशिष्टतामा आधारित गरी ठोस ढङ्गले लागू गरिने घोषणा गरेको छ । भौतिक पूर्वाधार निर्माण, विकास योजना सञ्चालन तथा आर्थिक क्रियाकलाप गर्दा वातावरणीय दिगोपनलाई उच्च महत्व दिइने प्रतिबद्धता पनि व्यक्त गरेको छ । तापमान वृद्धि र जलवायु परिवर्तनका दुस्प्रभाव अनुकूलन गर्ने आफूले जितेका स्थानमा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने बताएको छ । पछिल्ला दिनमा विश्वव्यापी जलवायु परिवर्तनको असरले नेपाललाई बढी प्रभावित पारिरहेका बेला प्रायजसो सबै मौसममा प्राकृतिक विपत्तिको सामना गरिरहेको मुलुकको स्थानीय तहको निर्वाचनमा यस्ता खालका प्रतिबद्धता आउनु सकारात्मक हो । अघिल्लो कार्यकालमा पनि जुन स्थानीय तहले वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन गरेर कामको थालनी गरे, ती निकायका विकासका योजना गुणस्तरीय र दिगो बनेका छन् । वातावरणीय मुद्दा पन्छाएर गरिएका विकासका काम जनप्रतिनिधिको एक कार्यकाल सकिन नपाउँदै जीर्ण भएका छन् । मुलुकको मूल नीति राजनीति हो । राजनीतिलाई पेसा बनाएर स्थानीय तह हाँक्ने जनप्रतिनिधि जुनसुकै पार्टीबाट विजयी भएर आए पनि हरेकजसो पार्टीले वातावरण, जलवायु परिवर्तन अनुकूलन, बाढी पहिरो तथा डुबान नियन्त्रण, प्राकृतिक स्रोतको सदुपयोग तथा दिगो विकासमा महत्व दिए भने ग्रामीण विकासको जग पनि बलियो हुनेछ ।

चराको रोचक बसाइँसराइ

• कृष्णप्रसाद भुसाल

उड्न सक्नु चराहरूको प्राकृतिक विशेषता हो । चराहरूको यही बानीबाट मोहित र प्रभावित भएर मान्छेले पनि उडान भर्न सक्ने प्रविधि र यन्त्रहरूको विकास गरिरहेका छन् । चराको उडान विज्ञानलाई पछ्याउँदै विकसित गरिएको प्रविधिको सहायतासे आज मान्छे पनि आकाशमा चराजस्तै उड्न सक्ने भएका छन् तर अझै पनि चराहरूले गर्नेजस्तो नियमित र लामो दूरीको उडान, उडानका बेला बाटो पहिल्याउने तरिका, गन्तव्यको पूर्वजानकारी पाउने माध्यम जस्ता तथ्य भने रोचकताको गर्भभित्रै लुकेका छन् । चराले आफ्नो प्रजनन क्षेत्रबाट चरन क्षेत्रसम्म हरेक वर्ष नियमित रूपमा गर्ने यात्रालाई चराको बसाइँसराइ भनिन्छ । अनुकूल मौसम, सुरक्षित बासस्थान, चरन र प्रजननका लागि चराहरू एक ठाउँबाट अर्को ठाउँ, एक देशबाट अर्को देश र एक महादेशबाट अर्को महादेशमा बसाइँ सरी आउने-जाने गर्छन् । बसाइँसराइ गर्ने चरा आफ्नो गन्तव्यसम्म पुग्ने दिशा तथा बाटो पहिचानका लागि सूर्य तथा अन्य ताराको अवस्थिति, नदी, भौगोलिक शृङ्खला, चुम्बकीय दिशा आदिको सहारा लिने गरेको विश्वास गरिन्छ । यसका साथै बसाइँसराइका लागि उत्प्रेरित गराउने र मार्गदर्शन गर्ने वंशाणुगत गुण पनि चराका वंशजमा स्थानान्तरण हुँदै जान्छन् । चराले बसाइँसराइका बेला प्रयोग गर्ने बाटोलाई उडान मार्ग (फ्लाई वे) भनिन्छ । विश्वमा नौवटा यस्ता उडानमार्ग पहिचान गरिएका छन् र नेपाल मध्यएसियाली उडानमार्गमा अवस्थित छ । रोचक त के छ भने चराहरूले बसाइँसराइ गर्ने बेला यिनै निश्चित उडानमार्ग हुँदै आवत-जावत गर्छन् । यिनै बसाइँसराइ गर्ने चराहरूको दिगो संरक्षण, तिनको आहार, बासस्थान र उडानमार्गको सुरक्षाका लागि विश्वव्यापी हातेमालो तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्ष अङ्ग्रेजी महिना मेको दोस्रो शनिबार विश्व बसाइँसराइ चरा दिवस मनाइन्छ । विश्वमा पाइने चराका ११ हजार बढी प्रजातिमध्ये करिब ४० प्रतिशत नियमित रूपमा ऋतुअनुसार एक ठाउँबाट अर्को ठाउँमा बसाइँसराइ गरिरहन्छन् । नेपालमा पाइने चराका आठ सय ९० प्रजाति पनि वर्षभरि नै नेपालमा बस्दैनन् । हिउँदयाममा उत्तरी भूगोलमा अत्यधिक चिसो र भारी हिमपात हुने हुँदा जाडो छल्न रुस, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया र तिब्बती क्षेत्रबाट बर्सेनि करिब एक सय ५० भन्दा बढी प्रजातिका हजारौं चरा नेपालको तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भू-भाग तथा तालतलैया र नदीआसपासमा बसाइँ सरी आउँछन् ।यसैगरी करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान, श्रीलङ्का र अफ्रिकासम्म जान्छन् । यसरी जाडोयाममा नेपालमा बसाइँ सरी आउने चरामा अधिकांश पानीचराका प्रजाति हुन्छन् भने अन्य सिकारी चरा, बगेडी, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राई आदि पर्छन् । यी हिउँदे आगन्तुक चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म जारी रहन्छ भने चैतसम्ममा प्रायःजसो आफ्नो स्थायी बसोबासमा प्रजननका लागि फर्किसकेका हुन्छन् । हिउँदे आगन्तुक चरा गर्मीयामको सुरुवातसँगै आफ्नो बासस्थान फर्किसक्दा फेरि दक्षिणी मुलुक भारत, श्रीलङ्का र अफ्रिकातिरबाट हजारौं ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन् । यसरी आउने करिब ६२ प्रजातिमा अधिकांश कोइली प्रजाति हुन्छन् भने अन्य मुरलीचरी, सुनचरी, स्वर्गचरी, पिट्टा, कटुसटाउके आदि हुन्छन् । यी चराले नेपालमा बच्चा कोरली असोजसम्ममा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान र कृषि भूमि हुन । बसाइँसराइ गर्ने चराको यात्रा रोचक हुन्छ । अझ केही प्रजातिको यात्रा त अकल्पनीय र चामत्कारिक नै हुन्छ । उदाहरणका लागि परेवाजत्रो शरीर हुने आर्कटिक टर्न चरा जुन संसारकै सबैभन्दा लामो दूरीको यात्रा तय गर्ने प्राणी हो । यसले हरेक वर्ष करिब ९० हजार किलोमिटर दूरी पार गर्दै उत्तरी ध्रुवबाट दक्षिण ध्रुवसम्म बसाइँसराइ गर्छ । करिब ३० वर्ष आयु हुने यो चराले आफ्नो जीवनकालमा पृथ्वीबाट चन्द्रमामा चार पटक ओहोरदोहोर गर्ने दूरी पार गर्छ । त्यस्तै ग्रेट स्नाइप भनिने चाहा प्रजातिको चरा ९७ किलोमिटर प्रतिघण्टाको गतिमा अविछिन्न रूपमा ६८ सय किलोमिटर दूरी पार गर्छ जुन तीव्र गतिमा लामो दूरी पार गर्ने चरा हो । करिब १० दिनसम्म खाना र आरामबिना उडेर बार टेल गुडविट १३ हजार किलोमिटर दूरी पार गरी अलास्काबाट न्युजिल्यान्ड पुग्छ । सर्वोच्च शिखर सगरमाथाभन्दा माथि पनि उड्न सक्ने चरा हो खोयाहाँस । करिब नौ हजार ३७५ मिटरको उचाइबाट समेत सगरमाथा पार गरी नेपालमा बसाइँसराइ गरी आउने खोयाहाँस संसारको सबैभन्दा बढी उचाइमा उड्ने चरामा पर्छ । नेपालमा उत्तरबाट हिउँद बिताउन आउने चरा हिमालका बीचमा पर्ने होचा खोँचबाट नेपाल प्रवेश गर्छन् तर खोयाहाँस सिधै हिमाल नाघी अत्यन्तै जोखिमपूर्ण साहसिक र रोचक यात्रा तय गर्छ । हावाको गति तीन सय २२ किलोमिटर प्रतिघण्टाभन्दा बढी हुने उक्त उचाइमा हेलिकप्टरसमेत उड्न सक्दैन भने अक्सिजन अत्यन्तै कम हुन्छ जहाँ मट्टीतेलमा समेत आगो बल्दैन । न्यून तापक्रम हुने त्यस ठाउँमा मासु यत्तिकै जम्छ तर खोयाहाँसले कसरी हिमाल पार गर्न सकेको होला । हिमाल पार गर्नुपूर्व खोयाहाँसले लामो दूरीको उडान भर्छ जसका कारण उसको शरीरमा ताप पैदा हुन्छ र ठूला प्वाँखको भित्र हुने मसिना भुवादार प्वाँख (डाउन फिदर)ले तातोपना कायम राखिराख्छन् र हिउँ जम्न दिँदैनन् । हाल आएर मान्छे पनि चिसोबाट बच्न यस्तै चराका डाउन फिदरको ज्याकेट बनाउँछन् । खोयाहाँसको रगतमा हुने हेमोग्लोबिन विशिष्ट प्रकारको हुने वैज्ञानिक बताउँछन् । यसले कम मात्रामा उपलब्ध अक्सिजनलाई पनि सजिलै र छिटै सोस्न सक्छ फलतः खोयाहाँस कम अक्सिजन भएको क्षेत्रबाट उड्न सकेको हो । हावा बहावको प्रतिकूल दिशामा पनि उड्न सक्ने यस चराले ८० किलोमिटर प्रतिघण्टाको गतिमा एक दिनमा १६ सय किलोमिटरभन्दा बढी दूरी पार गर्न सक्छ ।बेलायती प्रकृतिविद् ब्रायन हडसनले सन् १८३३ मा नेपालबाट विश्वका लागि नयाँ प्रजातिको चराका रूपमा पहिचान गरेको चील हो- गोमायु महाचील । नेपाली पहिचान बोकेर संसारभर उडिरहेको गोमायु महाचील पनि नेपालका लागि हिउँदे आगन्तुक र बटुवा हो । गोमायु महाचील बसाइँ सरेर आउने क्रममा अधिकांश पूर्वी नेपालबाट प्रवेश गर्छन् भने तराईका भू-भागसँगै काठमाडौं र पोखरा उपत्यकामा बढी समय बिताउने गर्छन् । पश्चिमतर्फ जान अन्नपूर्ण हिमशृङ्खलाको दक्षिण, ठूलाखर्क/काँडेको बाटो प्रयोग गर्छन् तर सन् २०१५ को असोज अन्तिम साता मङ्गोलियामा स्याटेलाइट ट्याग लगाएको गोमायु महाचील करिब दुई महिनाको समयमा पाँच हजार दुई सय ७८ किमि दूरी पार गरी मङ्गोलिया, चीन, नेपाल हुँदै भारतको उत्तराखण्डसम्म पुगेको थियो । औसतमा ४४ किमि प्रतिघण्टा र एक दिनमा बढीमा तीन सय ६५ किमिसम्म उडान भरेको उक्त चील ७२ सय मिटर उचाइबाट हिमाल नाघी सगरमाथाको दक्षिणपूर्वी क्षेत्र हुँदै नेपाल भित्रिएको थियो । अत्यन्तै चिसो र कम अक्सिजन हुने हिमालय क्षेत्रभन्दा माथिबाट हावा बहावको प्रतिकूल दिशामा उड्दै नेपाल प्रवेश गरेको उक्त गोमायु महाचीलले हामी अनुसन्धानकर्तालाई चकित पारेको थियो ।

ग्रीष्मकालीन आगन्तुक चरा पनि हजारौं किलोमिटर दूरी पार गरी नेपाल भित्रिन्छन् । उदाहरणका लागि जुरे कोइली अफ्रिका महादेशबाट करिब पाँच हजार किलोमिटर लामो दूरी पार गर्दै नेपाल भित्रिन्छ । सन् २०१६ मा चीनको राजधानी बेइजिङ नजिकबाट स्याटेलाइट ट्याग लगाएर छाडिएका दुई कुक्कु कोइलीले एक वर्षमा १६ देश हुँदै कम्तीमा २७ हजार किलोमिटर दूरी पार गरेर अफ्रिकासम्म पुगेका थिए । दर्जनौं देश र महासागर नाघी झन्डै आधा संसारको यात्रा गरेका ती कोइली चरीको रोचक यात्रा प्रेरणादायी छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र अन्डा अरू चराको गुँडमा पारिदिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ । ग्रीष्मयाममा नेपालमा पनि आउने खैरो गौँथली १० महिनासम्म आकाशमा उडेको उडेकै गर्न सक्ने हालैको एक अध्ययनले देखाएको छ । नेपालमा बसाइँ सरी गरी आउने चरा खासगरी बासस्थान सङ्कुचन तथा विनाश, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग र सिमसार क्षेत्रको अतिक्रमण, वन डढेलो, अवैध चरा सिकार जस्ता कारणले सङ्कटमा परेका छन् । यसका साथै उडानमार्गमा हुने अवरोध र जलवायु परिवर्तनजस्ता कारणले पनि चराको आवागमनमा बाधा पु-याएको छ । बसाइँसराइ गरी आउने चरा लामो दूरीको यात्राले थकित हुने तथा आश्रयस्थल नयाँ हुने हुँदा प्राकृतिक तथा मानवीय सिकारको अत्यधिक जोखिम हुन्छ । नेपालमा आगन्तुक चराको आवगमनको समयमा सन् १९८७ देखि बर्सेनि नियमित रूपमा गरिने पानीचराको गणनाको तथ्याङ्क भने पछिल्ला वर्षहरूमा निराशाजनक छ । दशकअघिसम्म कोसी नदीआसपासमा मात्र पचासौं हजार चरा हुन्थे भने हाल देशभरको गणनामा मुस्किलले ५० हजार चरा पुग्छन् । हिउँदे आगन्तुक चराहरूको मुख्य आश्रयस्थल सिमसारको सङ्कुचन तथा विनाश र चोरी सिकारले यी चरा प्रभावित भइरहेका छन् । ग्रीष्मकालीन आगन्तुक चराको आगमन, गुँड बनाउने र बचा कोरल्ने समयमा भइरहेका भीषण वन डढेलोले यी चराको प्रजनन र नवजात शिशु मात्र प्रभावित भइरहेका छैनन् सयौं माउ चरा पनि मरिरहेका छन् । बासस्थानमा आइरहेको तीव्र परिवर्तन र वन डढेलो यी चराका लागि मुख्य चुनौती हो । बसाइँसराइ गर्ने चराले मानिस, पारिस्थितिकीय प्रणाली र राष्ट्रहरूलाई जोडेका छन् र खास प्रकारको वातावरणीय सूचकको काम गरिरहेका छन् । तसर्थ यी चराको दिगो संरक्षण, तिनका आहार, बासस्थान र उडानमार्गको सुरक्षाका लागि स्थानीय समुदायदेखि अन्तरदेशीय साझेदारीको आवश्यकता छ । बसाइँसराइ गर्ने चराको संरक्षणमा विश्वव्यापी जनचेतना अभिवृद्धि र संरक्षणमा सहकार्य तथा साझेदारी स्थापना गर्ने उद्देश्यले मनाइँदै गरिएको यस दिवसको सार्थकताका लागि हामी सबैले हातेमालो गरौं ।

खोटाङको साकेलामा कांग्रेसका रविप्रकाश र माओवादीकी बिर्सिका निर्वाचित

खोटाङ (प्रस) । साकेला गाउँपालिकाको अध्यक्षमा कांग्रेसका रविप्रकाश राई विजयी भएका छन् । उनले एक हजार आठ सय ५० मत ल्याएर विजयी भएका हुन् । राईका निकटतम् प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका अर्जुनकुमार खड्का एक हजार सात सय ७२ मत ल्याएर पराजित भए । एमालेका गोपीकृष्ण खड्काले नौ सय ६७ मत ल्याएका छन् । उपाध्यक्षमा नेकपा माओवादी केन्द्रकी बिर्सिका राई विजयी भएकी छन् । उनले दुई हजार १२ मत ल्याइन् ।

उनकी निकटतम् प्रतिद्वन्द्वी कांग्रेसकी सरिता खड्काले एक हजार २४ मत र एमालेकी दिलकुमारी राईले नौ सय ८६ मत ल्याएकी छन् ।

भोजपुरको अरुण गाउँपालिकामा कांग्रेसका खत्री र ढकाल निर्वाचित

भोजपुर (प्रस) । अरुण गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेपाली कांग्रेसका शालिकराम खत्री र विनिता ढकाल निर्वाचित भएका छन् । खत्रीले ४६३ मतान्तरसहित एमालेका नारायणप्रसाद घिमिरेलाई जितेका हुन् ।

खत्रीले २ हजार ८८७ मत पाए भने नेकपा एमालेका नारायणप्रसाद घिमिरेले २ हजार ४२४ मत ल्याए ।

यस्तै, उपाध्यक्षमा ढकालले ३ हजार मत ल्याइन् भने निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेकी कविता राईले २५४४ मत ल्याइन् । ढकाल निवर्तमान उपाध्यक्ष हुन् ।

अघिल्लो चुनावमा पनि यहाँ अध्यक्ष र उपाध्यक्ष दुवै पद कांग्रेसले जितेको थियो ।

त्यस्तै हतुवागढी गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका प्रेमकुमार राई विजयी भएका छन् । उनले सत्ता गठबन्धनबाट उम्मेदवार बनेका नेपाली कांग्रेसका गजेन्द्र कार्कीलाई ६८९ मतले हराउँदै अध्यक्षमा निर्वाचित भएका हुन् ।

दोस्रो कार्यकालका लागि निर्वाचित बनेका राईले ४ हजार ४० मत ल्याएका थिए । उनका निकटत्तम प्रतिद्वन्द्वी कार्कीले ३ हजार ३ सय ५३ मत ल्याएका थिए ।

त्यस्तै गाउँपालिकाको उपाध्यक्ष पदमा भने गठबन्धनको तर्फबाट माओवादी केन्द्रकी सुनिता किराँती विजयी भएकी छन् ।

उनले ३ हजार ७ सय ७ मत ल्याएकी छन् भने उनका प्रतिद्धन्दी नेकपा एमालेकी कमला राईले ३ हजार ६ सय ११ मत ल्याएकी थिईन् ।

९ वडा रहेको उक्त गाउँपालिकाको वडा नं १, २, ३, ४, ५, ६ र ९ एमाले र वडा नं ७ र ८ मा नेपाली कांग्रेसले जितेको छ ।

बालेनको हारजितमा खसी बाजी राख्ने दुई पक्राउ

खोटाङ (प्रस) । काठमाडौं महानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएका बालेन्द्र शाहको हारजितमा खसी बाजी राख्ने खोटाङका दुई जना पक्राउ परेका छन्।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-५ का विजय फूयाँल र सोही ठाउँका रमेश खड्कालाई प्रहरीले सोमबार अपरान्ह पक्राउ गरेको हो। उनीहरूलाई दिक्तेल बजारबाट पक्राउ गरिएको डिएसपी

उमेश लम्सालले जानकारी दिए। उनीहरूलाई सट्टेबाजीको कसुरमा नियन्त्रणमा लिएर सत्यतथ्य अनुसन्धान भइरहेको डिएसपी लम्सालले बताए। सट्टेबाजी पुष्टि भएमा वर्ष दिनसम्म कैद हुने कानुनी व्यवस्था छ।

बालेन्द्रले चुनाव जितेमा रमेशले विजयलाई २८ केजीको खसी दिने र बालेन्द्र हारेमा विजयले रमेशलाई २८ केजी मासु बराबरको रकम भुक्तानी दिने भनी उनीहरूले कागज गरेका थिए।

संखुवासभाको मकालु गाउँपालिकामा गठबन्धन विजयी

झापा (प्रस) । संखुवासभाको मकालु गाउँपालिकामा गठबन्धनका उम्मेदवार विजयी भएका छन्। मकालु गाउँपालिकामा गठबन्धनका तर्फबाट अध्यक्षमा नेपाली कांग्रेसका वाडदी शेर्पा ३ हजार १७ मत ल्याएर विजयी भएका छन्।

उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेका भरत कटुवाललले २ हजार ४ सय ७८ मत ल्याएका छन्। उनले प्रतिद्वन्द्वी कटुवाललाई ५ सय ६९ मतले पछि पार्दै शेर्पा विजयी भएका

हुन्।शेर्पा यसअघि वडा नम्बर १ का वडाध्यक्ष हुन्।

उपाध्यक्षमा गठबन्धन तर्फबाट माओवादी केन्द्रका मनकला राई २ हजार ७ सय ३९ मत ल्याएर विजयी भएकी छन्। राईले ७ सय ६ मत अन्तरले पछि पार्दै विजयी भएकी छन्।

उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेकी चमेली याम्फुले २ हजार ३३ मत ल्याएकी छन्। याम्फु यसअघि उपाध्यक्ष हुन्। २०७४ को स्थानीय निर्वाचनमा एमालेले अध्यक्ष उपाध्यक्ष नै जितेको थियो।

पाँचथरको फालेलुङमा कांग्रेसका थाम्सुहाङ र माओवादीका जवेगु विजयी

पाँचथर (प्रस) । फालेलुङ गाउँपालिको अध्यक्षमा नेपाली कांग्रेसका वीरबिक्रम थाम्सुहाङ निर्वाचित भएका छन् । नेकपा एमालेका जयप्रकाश केरुङलाई ३ हजार १ सय ५८ को.भारी मतअन्तरले पराजित गर्दै थाम्सुहाङ फालेलुङको अध्यक्षमा निर्वाचित भएका हुन् ।

सोमबार साँझ प्रकाशित अन्तिम मतपरिणाम अनुसार थाम्सुहाङले ५

हजार ७ सय ७९ मत प्राप्त गर्दा केरुङले २ हजार ६ सय २१ मत पाए ।

उपाध्यक्षमा माओवादी केन्द्रका महेन्द्रहाङ जवेगु निर्वाचित भएका छन् । उनले एमालेकी सुजाता बान्तवालाई पराजित गरे । जवेगुले ५ हजार १४ मत प्राप्त गर्दा बान्तवाले २ हजार ८ सय ७५ मत पाएकी थिइन् ।

गाउँपालिका अध्यक्षमा निर्वाचित थाम्सुहाङ यसअघि फालेलुङ-३ का वडाध्यक्ष थिए । दुवै उम्मेद्वारले प्रतिस्पर्धीहरूलाई २ हजार भन्दा धेरै मत अन्तरले हराएका हुन् ।फालेलुङमा २०७४ सालमा नेपाली कांग्रेसले अध्यक्ष र उपाध्यक्ष दुवै पदमा जितेको थियो । यसपटक यहाँ पनि कांग्रेस, माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादीको गठवन्धन थियो ।

एमाले मेचीनगर-९ वडा कमिटीको आपत्ति

मेचीनगर (प्रस) । स्थानीय तहको चुनावका दिन नेपाली कांग्रेस मेचीनगर-९ को खुट्टीडाँगी वडा सम्पर्क कार्यालयमा लक्ष्मी पाठकलगायतको समूह पसी निर्वाचन सामग्री र नगद ८० हजार लुटेर लगेको आरोपका विषयमा एमाले वडा कमिटीले आपत्ति जनाएको छ ।

एमाले वडा कमिटी मेचीनगर-९ ले सोमबार एक विज्ञप्ति प्रकाशित गरी सो विषयमा कांग्रेस वडा निर्वाचन परिचालन समितिका संयोजक रुद्र रोक्कालगायतले हस्ताक्षर गरी सार्वजनिक गरिएको प्रेस विज्ञप्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विज्ञप्तिमा निर्वाचन आचारसंहिताविपरीत नमुना मतपत्र मतदान केन्द्रमा मतदातालाई कांग्रेसका कार्यकर्ताहरुवाट वितरण गरिरहेकोप्रति पटक-पटक रोक्न आग्रह गर्दा समेत बेवास्ता गर्दै जवर जस्ती गरेको र प्रहरी प्रशासन समेत मौन देखिएको कारण एमाले पार्टीका कार्यकर्ताहरुले गलत गतिविधि रोक्न नमुना मतपत्र बाडिरहेको स्थानवाट त्यस्ता प्रचार सामग्री नष्ट गर्न बाध्य बनाएको उल्लेख छ ।

कांग्रेसका कार्यकर्ताहरुवाट निर्वाचन आचारसंहिताविपरीत गतिविधि गरेकोप्रति विरोध र प्रतिवाद गर्दा नगद ८० हजार समेत लुटेको झुटो आरोपप्रति एमालेले खेद व्यक्त गरेको छ ।

एमाले मेचीनगर-९ नम्बर वडा कमिटीका अध्यक्ष कमलमणि पौडेलको हस्ताक्षर रहेको विज्ञप्तिमा सो घटनामा व्यक्तिगत आग्रह र पुर्वाग्रह राखी व्यक्तिको चरित्र हत्या गर्ने ढंगवाट भएको आरोप र प्रचारवाजी तत्काल रोक्न सम्बन्धित पक्षलाई सचेत गराउन समेत आग्रह गरिएको छ ।

'सम्पर्क कार्यालयमा प्रवेश गरेको विषयप्रति सांगठनिक आत्मा सम्मानमा ठेस पुगोस् भन्ने हामी कसैको ध्येय होइन र यो नियोजित घटना पनि होइन' भन्दै आकस्मिक रुपमा घटेको घटनाले कांग्रेस पार्टीप्रतिको सम्मानमा प्रभाव पारेकोप्रति एमालेले दुःख व्यक्त गरेको छ ।

रकम लुटिएको आरोप सम्बन्धित राजनीतिक संगठनवाट नै खण्डन गरी फिर्ता लिएको र सर्वपक्षीय छलफल भई सहमति समेत भइसकेको हुँदा अनर्गल प्रचार-प्रसार नगर्न अध्यक्ष पौडेलले अनुरोध गरेका छन् ।

तेह्रथुमको लालीगुराँसमा बहुमतसहित कांग्रेसका माबोहाङ विजयी

तेह्रथुम (प्रस) । लालीगुराँस नगरपालिकामा बहुमतसहित नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन् । नगर प्रमुख पदमा कांग्रेसका उम्मेदवार अर्जुन माबोहाङ ५ हजार १ सय ३९ मत प्राप्त गरी विजयी भएका हुन् । माबोहाङले प्रतिद्वन्द्वी नेकपा एकालेका उम्मेदवार गणेश सेनेलाई १ हजार ७ सय ९५ मत अन्तरले पछि पार्दै जित हात पारेका हुन् । सेनेले ३ हजार ३ सय ४४ मात्र मत प्राप्त गरे । विजयी माबोहाङ निवर्तमान नगर प्रमुख हुन् ।

नगर उपप्रमुख पदमा पनि नेपाली कांग्रेसकी जमुना मगर कार्की ४ हजार ८ सय ८७ मत प्राप्त गरी विजयी भएकी छिन् । उनी प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार छविमाया तिम्सिनालाई १ हजार २ सय ९३ मत अन्तरले पछि पार्दै विजयी भएकी हुन् ।

विजयी मगर अघिल्लो स्थानीय तह निर्वाचनमा नेकपा एमालेको तर्फबाट नगर उपप्रमुख पदमा पराजित भएकी थिइन् । केही समयपछि मगर एमाले परित्याग गरी नेपाली कांग्रेस प्रवेश गरेकी हुन् ।

कांग्रेसले लालीगुराँस नगरपालिकाको २, ३, ४, ७, ८ र ९ नम्बर वडामा विजय हासील गरेको छ । त्यस्तै एमालेले १ र ६ नम्वर वडा र ५ नम्वर वडामा एमालेको सहयोगमा स्वतन्त्रका उम्मेदवार महेन्द्र लिम्बु विजयी भएका छन् ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...

पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
Estd:2065
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९२६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६००१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५४५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष: मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसा र व्यवसायबाट धन प्राप्त हुनेछ।

वृष: घर परिवारका सदस्यहरूबाट सहयोग पाइनेछ । दैनिक कार्यमा प्रगति हुनेछ ।

मिथुन: मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन

कर्कट: आज पारिवारिक भेटघाटमा रमाउनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

सिंह: आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । गृह कार्यमा मन जानेछ ।

कन्या: आज टाढाका नातागोता वा परिवारजनसँग प्रविधि मार्फत भेटघाट हुनेछ ।

तुला: आज महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । एकोहोरो माया प्रेमले सताउन सक्छ ।

वृश्चिक: आज कार्य सम्पादनमा सहजता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

धनु: आज चोटपटकको भय छ सचेत रहनुहोला । साँझमा पैसा खर्च हुने योग छ ।

मकर: रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्छ । जीवनसाथीको सल्लाहमा गरिएको

कुम्भ: आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।

मिन: आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । मनमा सहयोग भाव आउला ।